आज मिति २०८२ साल आश्विन २५ गते विहान ८:०० बजे शनिबारका दिन यस ठाँटीकाँध गाउँपालिकाको ६१ औं कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री रक्ष बहादुर शाह ज्यू को अध्यक्षतामा देहाय अनुसारका पदाधिकारीज्यूहरुको उपस्थितिमा सञ्चालन गरियो।

उपस्थिति

| क्र सं | पदाधिकारीको नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री रक्ष बहादुर शाह | गाउँपालिका अध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री देवीराम वडुवाल | गाउँपालिका उपाध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| ३ | श्री तुलसी प्रसाद उपाध्याय | प्रमुख प्रशासकीय अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ४ | श्री चक्र बहादुर वि.क. | वडाध्यक्ष | ठाँटीकाँध गापा १ दैलेख | |
| ५ | श्री प्रेम बहादुर मगर | वडाध्यक्ष | ठाँटीकाँध गापा २ दैलेख | |
| ६ | श्री भरत बहादुर वम | वडाध्यक्ष | ठाँटीकाँध गापा ३ दैलेख | |
| ७ | श्री केहरसिंह कठायत | वडाध्यक्ष | ठाँटीकाँध गापा ४ दैलेख | |
| ८ | श्री लाल बहादुर शाही | वडाध्यक्ष | ठाँटीकाँध गापा ५ दैलेख | |
| ९ | श्री जोरासिंह रोकाया क्षेत्री | वडाध्यक्ष | ठाँटीकाँध गापा ६ दैलेख | |
| १० | श्री कल्पना थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| ११ | श्री प्रतिमा नेपाली | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १२ | श्री प्रेमा कामी | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १३ | श्री मिठ्ठु थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १४ | श्री रमेश वि· क· | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १५ | श्री रुपा थापा वि· क· | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| आमन्त्रित कर्मचारीहरु | | | | |
| १ | श्री छविजंग मल्ल | आर्थिक प्रशासन शाखा प्रमुख | ठाँटीकाँध गापा दैलेख | |
| २ | ई श्री पवन कुमार कार्की | पूर्वाधार विकास शाखा प्रमुख | ठाँटीकाँध गापा दैलेख | |
| ३ | श्री हरि बहादुर शाही | सूचना प्रविधि अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ४ | श्री लोकेन्द्र बहादुर भण्डारी | लेखा अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ५ | | | | |

ठाँटीकाँध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दैलेख
कर्णाली प्रदेश, नेपाल

तुलसी प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

मिति २०८२/०६/२५ गतेको ६१ औं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्तावहरु :

प्रस्ताव नं.१

चालु आ ब २०८२।०८३ को हालसम्मको सडक मर्मत सुधारको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २

नेपाल सरकार,सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी भएका र गाउँपालिकासँग सम्बन्धित विभिन्न परिपत्रहरु कार्यान्वयन सम्बन्धमा ।

प्रस्ताव नं. ३

चालु आ ब को स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

प्रस्ताव नं. ४

वेरुजु रकम अशुल उपर सम्बन्धमा।

प्रस्ताव नं. ५

अध्यक्ष कप संचालन सम्बन्धमा।

प्रस्ताव नं. ६

करार कर्मचारिको म्याद थप सम्बन्धमा।

प्रस्ताव नं. ७

आधारभुत स्वास्थ्य सेवा केन्द्र र सामुदायिक स्वास्थ्य ईकाइमा कार्यरत इन्चार्जहरुको पारिश्रमिक सम्बन्मा।

निर्णयहरु :

निर्णय नं. १

प्रस्ताव नं १ माथि छलफल गर्दा चालु आ ब २०८२।०८३ को हालसम्मको सडक मर्मत सुधारको समीक्षा गर्दा वडा कार्यालयको मुख्य मुख्य सडकहरु मर्मत गरी सकिएको र बाँकि सडकहरु तिहार अगावै सम्पन्न गरी यातायातमा सहज गराउने निर्णय गरियो।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा नेपाल सरकार,सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी भएका र गाउँपालिकासँग सम्बन्धित संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिहदरबार काठमाण्डौको मिति २०८२।०६।०८, २०८२।०६।०९ र २०८२।०६।१२ गतेको पत्रबाट प्राप्त निर्देशन पालना गर्ने तर गाउँपालिकाभित्र रहेका विद्यालयहरुका संरचना निर्माणका लागि संघ, प्रदेश बाट विनियोजित वजेटहरु लाई ठेक्का प्रक्रिया मार्फत नगरी उपभोक्ता तथा विद्यालय व्यवस्थापन समिति मार्फत संचालन गर्नका लागि गाउँ कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा चालु आ ब को स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा चालु आ व को मंसिर महिना सम्म सम्पूर्ण योजनाहरु सम्झौता गरी कार्यसंचालनका लागि गाउँ कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो।

...री प्रसाद उपाध्याय
...कारीय अधिकृत

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ व २०७४।०७५ देखि आ व २०८०।०८१ सम्मको महालेखा परीक्षकको प्रतिवेदनबाट असुल उपर गर्ने भनि औंल्याएको वेरुजु रकम वहालवाला कर्मचारी र पदाधिकारीहरुको हकमा निजहरुको सेवा सुविधा र पारिश्रमिकबाट कट्टा गरी दाखिला गर्ने र पूर्व पदाधिकारी र अन्य सरोकारवालाहरुको नाममा रहेको वेरुजु रकमका लागि सम्बन्धित सबैलाई पत्राचार गर्ने साथै कागजात राखि नियमित गर्नुपर्ने वेरुजु फछ्यौटका लागि सम्वन्धित शाखासंग आवश्यक कागजात माग गरी आगामी महालेखाको डोर समक्ष सम्परीक्षणका लागि पेश गर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा गाउँपालिका अध्यक्षकप संचालन गर्नका लागी गाउँ खेलकुद विकास समिति संग सम्झौता गरी युवा तथा खेलकुद लक्षित कार्यक्रम अध्यक्ष कप सहित शिर्षकमा विनियोजित रकम रु १० लाख मध्ये बाट रु ४ लाखको परिधिमा रहि खेलकुद संचालन गर्नका लागि गाउँकार्यपालिका लाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा गाउँपालिका तथा विभिन्न स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरु, कर्मचारीहरु, कार्यालय सहयोगि र सवारी चालकहरुको म्याद मिति २०८२ असोज मसान्तमा समाप्त हुने तर स्वास्थ्य संस्थ संचालन गर्न र अन्य प्रशासनिक कार्य सम्पादन गर्न अन्य वैकल्पिक व्यवस्था नभएकाले अर्को व्यवस्था नभएसम्म मिति २०८२।०७।०१ देखि पौष मसान्त सम्म करार म्याद थप गर्ने निर्णय गरियो।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा आधारभुत स्वास्थ्य सेवा केन्द्र र सामुदायिक स्वास्थ्य ईकाइ गरी ५ वटा स्वास्थ्य संस्थामा कार्यरत इन्चार्जहरु र प्राथमिक स्वास्थ्य केन्द्र लकान्द्रमा कार्यरत ल्याव अशिष्टेन्टको पारिश्रमिकमा कार्तिक महिनाको १ गते देखि लागुहुने गरी निजहरुले खाईपाई आएको पारिश्रमिकमा मासिक रु १५०० थप गर्ने निर्णय गरियो।

तुलसी प्रसाद उपाध्याय
प्रनुस प्रशासकीय अधिकृत